# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
# Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.
प्रधान कार्यालय, बुटवल, रुपन्देही

## नायव प्रमुख कार्यकारी अधिकृतको करारमा नियुक्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/०४)**

**विज्ञापन नं :** ०२/२०७९/८०
**पद संख्या : १ (एक)**

यस संस्थामा रिक्त रहेको **नायव प्रमुख कार्यकारी अधिकृत** पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा बढीमा ४ वर्षका लागि पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट मिति २०८०/०३/०१ गते कार्यालय समयभित्र संस्थाको प्रधान कार्यालय, बुटवल वा शाखा कार्यालय, बुढानिलकण्ठ, काठमाडौंमा भौतिक रुपमा वा विद्युतीय वा हुलाकको माध्यमबाट आवेदन दिन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१. न्यूनतम शैक्षिक योग्यता र अनुभव:**

(क) मान्यता प्राप्त शिक्षण संस्थावाट व्यवस्थापन, मौद्रिक, बैंकिङ्ग, वित्तीय, अर्थशास्त्र, बाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापारप्रशासन, जनप्रशासन, कानून वा चार्टर्ड एकाउण्टेन्सी बिषयमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको ।

(ख) नेपाल सरकार वा कुनै बैंक तथा वित्तीय संस्थाको प्रवन्धक (तह-८ वा उपसचिव स्तर) तह वा सो भन्दा माथिको पदमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको ।

(ग) उमेरको हद दरखास्त दिने अन्तिम मितिसम्म ३५ वर्ष पुरा भई ५८ वर्ष ननाघेको ।

**२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:**

(क) शैक्षिक योग्यता, कार्यानुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर र/वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्तमा आवेदकले आवेदन फारममा दस्तखत गरी २ प्रति पासपोर्ट साइजको फोटो सहित पेश गर्नुपर्नेछ ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभव पुष्ट्याई गर्ने कागजातको प्रतिलिपिहरु उम्मेदवार स्वयम्ले प्रमाणित गरी आवेदनसाथ पेश गर्नु पर्नेछ ।

(ग) विदेशी शैक्षिक संस्थाहरुबाट उत्तीर्ण दरखास्तवालाहरुले त्रिभुवन विश्वविद्यालयबाट समकक्ष मान्यता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(घ) उम्मेदवारले आफ्नो दरखास्तसाथ ४००० (चार हजार) शब्दमा नबढ्ने गरी "नेपालमा लघुवित्तको वर्तमान अवस्था, चुनौती र समस्या समाधानका उपाय तथा रणनैतिक सुधार सम्बन्धी संक्षिप्त विश्लेषण सहित ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. को आगामी कार्यदिशा" विषयक लेख छुट्टै खामको बाहिरपट्टि आवेदकको नाम ठेगाना उल्लेख गरी शिलबन्दी लाहाछाप गरी पेश गर्नुपर्नेछ । उक्त लेख A4 साईज कागजमा चारैतर्फ १" मार्जिन छाडी एकतर्फ टाईप गरिएको हुनुपर्नेछ । लेखको प्रत्येक पृष्ठको अगाडिपट्टि कुनै संकेत उल्लेख गर्न पाइने छैन र पछाडिपट्टि उम्मेदवारले दस्तखत गर्नुपर्नेछ । शिलबन्दी खामको बाहिर ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. को नायव प्रमुख कार्यकारी अधिकृत पदका लागि लेख भनी उल्लेख हुनुपर्नेछ ।

(ङ) कार्य अनुभवको प्रमाण पत्र पेश गर्दा कुनै पनि कारवाहीमा नपरेको सम्बन्धित संस्थाले दिएको पत्र ।

(च) उम्मेदवारले दरखास्तसाथ संस्थाले उपलब्ध गराएको स्व:घोषणा फारम पेश गर्नु पर्नेछ ।

(छ) दरखास्त दस्तुर बापत रु.२०००/- (अक्षरेपी दुई हजार मात्र) सिटिजन्स बैंक इन्टरनेशनल लि. शाखा कार्यालय, बुटवलमा रहेको यस संस्थाको खाता नं ०१२०१०००००३२३२०१ मा बुझाई सो को सक्कल भौचर दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

**३. छनौट प्रक्रिया :**

(क) उम्मेदवारको शैक्षिक योग्यता, कार्यानुभव र पेश भएको लेखको मूल्यांकनको आधारमा छनौट गरी प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि उम्मेदवारहरुको संक्षिप्त सूचि (Short Listing) तयार गरिनेछ ।

(ख) छनौटमा परेका उम्मेदवारहरुको प्रस्तुतीकरण र अन्तर्वार्ता तोकिएको मिति, समय र स्थानमा सञ्चालन गरिनेछ ।

(ग) दरखास्तसाथ पेश गरेको लेखको आधारमा उम्मेदवारले करिव ३० मिनेटको प्रस्तुतीकरण (Presentation) समेत गर्नु पर्नेछ ।

(घ) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवम् दरखास्तसाथ पेश गरेका अन्य कागजातहरुको सक्कल प्रति सहित उपस्थित हुनु पर्नेछ ।

**४. पारिश्रमिक:**

नायव प्रमुख कार्यकारी अधिकृतलाई करारमा उल्लेख भएको शर्तहरुको आधारमा मासिक तलब र भत्ता रु.९३,१००/- (अक्षरेपि त्रियानब्बे हजार एक सय मात्र) उपलब्ध हुनेछ । करारको सेवा, शर्त र सुविधा करारनामामा उल्लेख भए बमोजिम हुनेछ ।

**५. अन्य विवरण :**

(क) दरखास्त फारम र आवश्यक कागजातहरु संस्थाको प्रधान कार्यालय, बुटवल वा शाखा कार्यालय, बुढानिलकण्ठ, काठमाडौंमा वा Website बाट प्राप्त गर्न सकिनेछ ।

(ख) आवेदन फारम विद्युतीय माध्यमबाट Vacancy.gblbs@gmail.com मा समेत पेश गर्न सकिनेछ । तर विद्युतीय माध्यमबाट लेख पेश गर्दा Scan Copy गरेको हुनु पर्नेछ । यसरी म्यादभित्र पेश हुन आएका आवेदनहरु पदपूर्ति समितिको रोहवरमा मूल्यांकन गर्ने प्रयोजनका लागि खोलिने छ ।

(ग) नायव प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धी विवरण संस्थाको website: www.gblbs.com.np मा राखिएको छ ।

(घ) रितपूर्वक पेश हुन नआएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

(ङ) यस सम्बन्धी थप जानकारीका लागि संस्थाको प्रधान कार्यालय, बुटवलको फोन नं. ०७१-४३८९५४ मा सम्पर्क गर्न सकिनेछ ।

**पदपूर्ति समिति**
**ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.**
**प्रधान कार्यालय, बुटवल, रुपन्देही**